मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती मन्त्रीपरिषद बैठक, मन्त्री काफ्ले दक्षिणकोरिया जाने

हेटौंडा, ७ साउन/बागमती प्रदेश सरकारको मन्त्रीपरिषद् बैठक मंगलबार ललितपुरको भैंसेपाटीमा बसेको छ । मुख्यमन्त्री बहादुरसिंह लामा बेलायत भ्रमणबाट फर्केपछिको पहिलो बैठक ललितपुर मा बसेको हो । बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेलेको वैदेशिक भ्रमणका लागि स्वीकृति प्रदान गर्ने निर्णय भएको छ । दक्षिण कोरियामा हुने गैरआवासीय नेपालीहरुको सम्मेलनमा सहभागीका हुनका लागि बिहीबार मन्त्री काफ्ले तयसतर्फ जाने तयारी भएको छ ।

तीन दिनको भ्रमणमा गैरआवासीय नेपाली सम्मेलनका साथै दक्षिण कोरियामा रहेका नेपालीहरुको समस्याका बारेमा छलफल हुने बताइएको छ । मुख्यमन्त्रीको सरकारी आवास ललितपुर भैंसेपाटीमा बसेको मन्त्रीपरिषद् बैठकमा महत्वपूर्ण विषयमाथी छलफल भएको सहकारी तथा गरिबी निवाहरण मन्त्री मदुकुमार श्रेष्ठले जानकारी दिएका छन् ।

# मानवअधिकार आयोगद्वारा प्रदेश प्रमुखसमक्ष प्रतिवेदन पेश

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशले आर्थिक वर्ष २०८१/८२ मा भएका कार्य प्रगतिको प्रतिवेदन बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटालाई बुझाएको छ ।

नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम संवैधानिक निकायले आफूले गरेको काम, कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत् प्रतिवेदन संघीय संसदसमक्ष प्रस्तुत गर्न लगाउने व्यवस्था रहेको छ । प्रदेशप्रमुख देवकोटाले आयोगको प्रतिवेदन ग्रहण गर्दै मानवअधिकारका हरेक सवालमा संवेदनशील हुनुपर्ने बताएका छन् । आयोगलाई अप्ठ्यारा भएका सवालमा सरकारलाई सुझाव पेश गर्नको लागि प्रमुख देवकोटाले आग्रह गरे ।




संविधान धारा २९४ को उपधारा (३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा छुट्टाछुट्टै प्रतिवेदन तयार गरी प्रदेशप्रमुखसमक्ष पेश गर्न व्यवस्था रहे बमोजिम प्रदेशप्रमुखलाई प्रतिवेदन बुझाइएको हो । राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेश कार्यालयले विगत आ.व. २०७५/७६ देखि हालसम्म निरन्तर आफ्नो प्रतिवेदन प्रदेशप्रमुखसमक्ष पेश गर्दै आइरहेको र हरेक प्रतिवेदनमा समस्या औंल्याएर पठाउने गरिएको भएता पनि उपलब्धि खासै नहुने गरेको आयोगले जनाएको छ ।


मानवअधिकार हरेक नागरिकको जन्मसिद्ध अधिकार हो । ती अधिकारको सम्मान, संरक्षण तथा सम्बर्द्धन गर्नु राज्यको दायित्व हो । मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनलाई प्रभावकारी बनाउन नेपालको संविधान २०७२ भाग २५ को धारा २४८ ले राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरेको छ । जसले मानवअधिकार हनन भएको सवालमा उजुरी लिने, अनुसन्धान गर्ने, कारवाहीको लागि उपल्लो निकायमा सिफारिस गर्ने जस्ता काम गर्दै आएको छ । बागमती प्रदेशमा मानवअधिकार हननको सवाल कमजोर बन्दै आएको तथ्यांकले देखाएको छ ।

अपाङ्गताको सवाल, बाल अधिकार, महिलाअधिकार, छुवाछुतका सवाल, उपभोक्ता अधिकारको सवाल विगतमा भन्दा पेचिलो बन्दै आएको आयोग बागमती प्रदेश कार्यालयले जनाएको छ । आयोगको बागमती प्रदेश कार्यालयमा आ.व. २०८१/८२ मा मानव अधिकार हनन भएकोमा २२ वटा उजुरी दर्ता भएको आयोग बागमती प्रमुख उपसचिव पवनकुमार भट्टले बताए । आयेगमा हाल ५२७ वटा पुराना उजुरीहरु छन् । गत आवमा आयोगले ७५ वटा उजुरीमा अनुसन्धान गरेको थियो । अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयको लागि ३६ थान उजुरी फाइल केन्द्रीय कार्यालयमा पठाइएको भट्टले जानकारी दिए ।

यसवर्ष आयोगले मानव अधिकारको अवस्थाको सम्बन्धमा सिन्धुपाल्चोक, रसुवा, रामेछाप र नेपाल सरकारको मानवअधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको अवस्थाको बारेमा रामेछाप, दोलखा, सिन्धुपाल्चोक, चितवन, मकवानपुरमा तथा विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिस कार्यान्वयनको अवस्थाका सम्बन्धमा मकवानपुर, सिन्धुपाल्चोक र चितवनमा अनुगमनकार्य सम्पन्न गरेको थियो । आयोगले दोलखा, रामेछाप, चितवन, धादिङ, रसुवा तथा मकवानपुरमा प्रहरीहिरासतकक्ष र रसुवा कारागार कार्यालयको अनुगमन गरेको भट्टले बताएका छन् ।

बाँकी पृष्ठ-४...






साझाकुरा

## हाम्रो कुरा

# त्रिभुवन राजपथ बिस्तारमा तगारो

नेपालमा फराकिलो सडक सबैलाई चाहिएको छ तर, आफ्नो एकईन्च जमिन पनि सडकमा जान नदिने नियती हामीभित्रै छ । यसैले बीर गंज र हेटौंडामा सडक बिस्तार हुन सकिरहेको छैन । त्रिभुवन राजपथअन्तर्गत वीरगञ्जको मुख्य सडक (मेनरोड) विस्तारको पक्षमा सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन सुरु भएको अवस्थामा केही घरधनीले फेरि सर्वोच्चमा नयाँ रिट दर्ता गराएपछि सडक बिस्तार कार्य प्रभाबित भएको छ । सर्वोच्चले यसअघि आफैंले गरेको फैसलाका विपरीत दायर रिटमा छलफल गर्न बुधवारका लागि पेसी तोकेको छ । वीरगञ्जको मुख्य सडक विस्तार हुननहुने भन्दै घरधनीले हालेको रिट गत फागुन २८ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले खारेज गर्ने निर्णय गरेको थियो ।

पटकपटक पेसी सर्दै आएको मुद्दामा सर्वोच्च अदालतले विपक्षीको रिट खारेज गर्दै सरकारको पक्षमा फैसला गरेपछि १२ वर्षदेखि अन्योलमा परेको वीरगञ्जको मेनरोड विस्तारका लागि बाटो खुलेको थियो । सर्वोच्चको फैसला कार्यान्वयनका लागि वीरगञ्ज महानगरपालिकाले सडकको दायाँबायाँको २५/२५ मिटर क्षेत्रभित्र पर्ने भौतिक संरचना हटाउने काम सुरु गरिसकेको थियो । तर, अहिले फेरि मुख्यसडक विस्तारको काम रोक्नका लागि २४ जनाले वीरगञ्ज महानगरपालिका, प्रधानमन्त्री कार्यालय, जिल्ला प्रशासन कार्यालय, सडक विभागलाई विपक्षी बनाएर असार ३२ गते सर्वोच्चमा पुनःउत्प्रेषण मुद्दा दर्ता गराएका हुन् । यो मुद्दा अर्थात् रिटमा छलफलका लागि सर्वोच्च अदालतले बुधवारका लागि पेसी तोकेको पत्र महानगर पालिकाको कार्यालयलाई मंगलवार प्राप्त भएको महानगरले जनाएको छ । एउटै विषयमा अदालतले आदेश दिइसकेपछि पुनः त्यही प्रकृतिको मुद्दा अदालतमा दर्ता हुनु न्यायिक प्रक्रिया विपरीत रहेको कानुन व्यवसायीको तर्क छ । फैसला भइसकेको मुद्दामा त्यही अदालतमा फेरि रिट दर्ता नहुनुपर्ने हो । सर्वोच्चले यसअघि गरेको फैसलाबारे त्यहाँका कर्मचारीलाई जानकारी नभएर पुन त्यही विषयमा रिट दर्ता भएको हुनुपर्छ भन्ने अड्कलबाजी पनि छ । एकै मुद्दामा अन्तिम आदेश भइसकेपछि त्यही विषयमा पुनः मुद्दा दर्ता गर्नु न्यायिक निर्णयको अनादर हो । यदि मुद्दा दर्ता भएपनि अदालतले यसलाई खारेजभागीको प्रक्रियामा लैजाने सम्भावना रहन्छ ।

वीरगञ्जको अदालतबाट टुङ्गो लागेर मुख्यसडक विस्तारको काम सुरु भइसकेको अवस्थामा न्यायिक बहानामा फेरि सडक विस्तारको काम अवरुद्ध पार्न खोज्नु विकास विरोधी काम भएको वीरगञ्जका स्थानीय बताउँछन् । खारेज भइसकेको मुद्दा फेरि हालेर वीरगञ्जको विकासलाई ओझेलमा पार्न खोजिएको देखिन्छ । १२ वर्षसम्म अल्झाएर राखिएको मेनरोड विस्तारको मुद्दा सर्वोच्चले छिनोफानो लगाइसकेपछि वीरगञ्जबासी खुसी भएका थिए । तर, अहिले फेरि त्यही विषयमा नयाँ रिट दर्ता हुँदा हामी अचम्ममा परेका छौँ । २०६९ सालमा तत्कालीन नेपाल सरकारको निर्णयअनुसार सडक विभागले वीरगञ्जको मेनरोड विस्तारका लागि सडकको मध्यभागबाट दायाँ–बायाँ दुवैतर्फ २५/२५ मिटरभित्र पर्ने भौतिक संरचना खाली गर्न सूचना निकालेपछि त्यसक्षेत्रमा पर्ने करिब एक हजार दुईसय घर धनीले सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट हालेका थिए ।

# एसईई नतिजा र धरातलीय यथार्थ



✍ केशव अधिकारी

विगतका हरेक वर्ष एसईई परीक्षाको नतिजा प्रकाशित हुँदै गर्दा थोरै प्रतिशत मात्र विद्यार्थी सफल हुन्थे र अधिक प्रतिशत विद्यार्थी असफल हुँदाको क्षणमा माथि मन्त्रालयदेखि लिएर शिक्षा कार्यालय हुँदै अभिभावकसम्मकाले शिक्षकलाई दोष थोपर्ने एउटा चलन चलेको थियो । यो आलोचनाले गर्दा हरेक वर्ष एसईईको नतिजा प्रकाशित हुँदै गर्दाको बखत माबि तहका शिक्षकले आफू आरोपित हुनको लागि मानसिकरुपमा तयार भएर रहनुपर्थ्यो । गत वैशाख महिनामा सरकारसमक्ष विभिन्न विषयका माग राखेर आन्दोलनमा होमिएका शिक्षकहरूले आफूले राखेका विविध मागमध्ये हालको तुलनामा पारिश्रमिक बढाउनुपर्नेसमेत माग राखेका थिए । आन्दोलनरत शिक्षकहरूको सोही मागलाई उद्धरण गर्दै प्रधानमन्त्री केपी ओलीले एसईई परीक्षामा केवल ४८ प्रतिशत विद्यार्थी मात्र पास गराएर बाँकी ५२ प्रतिशत विद्यार्थी फेल गराउने शिक्षकको तलब किन बढाउने ? भन्ने आरोप लगाउँदै थिए । तर यसपटक अर्थात् २०८१ सालको एसईई परीक्षामा केवल ४८ प्रतिशत विद्यार्थी मात्र सफल भएर बाँकी ५२ प्रतिशत विद्यार्थी असफल हुने क्रम दोहोरिएन । बरु त्यसको साटो विगत २०८० को ४८ प्रतिशत सफलताबाट ०८१ मा एकैपटक झन्डै ६२ प्रतिशतको हाराहारीमा विद्यार्थी सफल भए । यसै सफलताले गर्दा होला शायद सफलता हासिल गर्ने विद्यालयका विद्यार्थी, उनीहरूका अभिभावक, शिक्षक र उनीहरू स्वयंभित्र पनि निकै खुशीयाली छाएको छ ।थोरै प्रतिशत मात्र पास भए भन्ने हेतुले स्वयं प्रधानमन्त्री केपी ओलीले समेत विगतको भन्दा नतिजा राम्रो आएकोमा शायदै कोही पनि शिक्षकलाई दोष लगाउनुपर्ने अवस्था आएको थिएन होला भनेर अन्दाज लगाउन सकिन्छ । यसको मतलब के भने, विगतको तुलनामा एसईई परीक्षाको नतिजा सुर सबैजना खुशी भएकै कारणले एक–अर्कालाई दोषारोपण नगरिएको हो त ?

यसपटकको एसईई परीक्षाको नतिजा सुध्रेर जानुका कारणको खोजी गरिनु यस आलेखको उद्देश्य हो । भनेपछि २०८१ सालको एसईई परीक्षामा सामेल भएका सबैजसो विद्यार्थीलाई शिक्षकले नौलो र प्रभावकारी तरिकाले सिकाएका थिए ? अथवा यसपटकका विद्यार्थीले विगतका विद्यार्थीको तुलनामा मन लगाएर लेखपढ गरेका थिए त ? सफलता हासिल गरेका करिब ६२ प्रतिशत विद्यार्थीले एक थोपो पनि अनियमित कार्य नगरी ज्यादै इमानदारिताका साथ परीक्षामा सामेल भएका थिए त ? हामीले नेपालको शिक्षा क्षेत्रको बजार मात्र होइन कि विश्व बजारमा समेत कामयावी हुन सक्ने विद्यार्थी उत्पादन गर्ने हेतु राखेर अगाडि बढ्नुपर्ने होइन र ? तर २०८१ को एसईईको नतिजा हेर्दा सफल हुने विद्यार्थीमध्येको झन्डै २० प्रतिशत विद्यार्थीले ग्रेडसिट कामयावी बनाउने कुरा त परै रहोस्, गाईलाई घाँडो भिराइदिएको भन्दा पनि अधिक सकसिलो भएको पाइन्छ । उच्च अंकले भरिएको ग्रेडसिट हात पर्दाको क्षणमा ....को न्याँनोजस्तै केही क्षणको लागि खुशीको पल वा क्षण बन्न सके तापनि दीर्घकालसम्म यसको प्रतिकूल असर परिरहनेछ । अहिले उच्च सफलताको ढाँटढुँटे ग्रेडसिट स्तरबेगरका विद्यार्थीको हातमा थमाएर बधाईको ओइरोले पुर्ने स्कुल तथा कलेजहरूले निकट भविष्यमै गएर आफ्नै शिक्षालयमा कामयावी बनाउन सकिएन भने आफूले आफैँलाई धिक्कार्नुको विकल्प रहँदैन होला ।

प्रधानमन्त्री ओलीसमेत सन्तुष्ट हुने गरी प्रकाशित भएको यस नतिजाले आम अभिभावक, शिक्षक, विद्यालय परिवार पनि खुशी नहुने भन्ने कुरै भएन । अनि जसरी भए पनि उच्च अंकको ग्रेडसिट हात पारिसकेका विद्यार्थीलाई निरुत्साहित बनाउने उद्देश्यले पनि यो आलेख लेखिएको नठहरोस् । यति भएर हालको कक्षा १०, ९ मा अध्ययनरत विद्यार्थीले जाँदो २०८१ का विद्यार्थीको नतिजालाई हेरेर कस्तो मानसिकता बनाउलान् र आफ्नो पढाइलेखाइको काममा कति मात्रमा खटेर सिक्ने बाटोमा लाग्लान् ? भन्ने पनि अहं प्रश्न बनेर रहेको छ । फलानोजस्तो स्तर नै बेगरको साथीले त यति माथ्लो ग्रेड लिएर सफलता हासिल गऱ्यो भने मैले त सजिलै सक्छु भन्ने उल्टो मानसिकताले गाँजेको खण्डमा के–कस्ता उपायले त्यो खराब मानसिकताबाट मुक्त गराएर सही मानसिकता भन्ने विभिन्न प्रयासमा लाग्नुपर्दाको अवस्था सबैजसो विषय शिक्षकका लागि चुनौतीको विषय बन्ला कि नबन्ला ?

विगतका धेरै वर्षदेखि क्रमश: गिर्दै गएको एसईई परीक्षाको नतिजामा यसपटकको सुधारले दिएको हौसलालाई प्रधानमन्त्रीले भनेजसरी नै अर्को वर्ष ७० प्रतिशत, अझै अर्को वर्ष ८० प्रतिशत गरेर बढाउँदै लैजाने लक्ष्यमा सबै पक्ष सहमत भए पनि अहिलेको जस्तै मिहिनेतले मात्र कामयावी बन्न सकिएला कि नसकिएला ? सकिएछ भने त अहिलेको भन्दा पनि अधिक खुशी बन्न पाउने क्षण आउला र त्यसै क्षणले हाम्रा पीडा भुल्याइदेला, होइन भने फेरि हाम्रा निराशाका दिन शिक्षकले पाउनुपर्ने गालीको वर्षा भने हरेक शिक्षकको नियति बनेर उभिनेछ । यदि हाम्रो लक्ष्य नै यही र यस्तै टापटिपे हो भने त्यसैलाई येनकेन प्रकारेण भनेजसरी कार्यमा लिएर जानुपर्छ नै । होइन भने वर्तमानको परीक्षा प्रणालीलाई सुधारेर लैजानुको अर्को विकल्प खासै नभेटिएला कि ?

एसईई परीक्षाको नतिजा सुध्रेर जाँदा खुशी हुने प्रधानमन्त्री ओली मूलत: कुन कारणले गर्दा अधिक खुशी भए ? भन्ने विषयले अधिक अर्थ राखेको पाइन्छ । एसईई परीक्षामा धेरै प्रतिशत विद्यार्थी सफल भएको देखाएर, स्कुल सुधारका नाममा विदेशीसँग हात फैलाएर आएको पैसाले व्यक्तिगत भोगविलासका वस्तुको खरिद गरी मोजको मस्त जीवन बिताउने हेतुले खुशी भएका हुन सक्छन् । अर्को कुरा, आफ्नो शासनकालमा नेपालमा विगतमा कहिल्यै नभएको शिक्षाको विकासले फड्को मारेको कुरा फलाकेर आत्मसन्तुष्टि लिन सक्छन् । अहिलेको एसईई परीक्षामा उत्कृष्ट नम्बर हासिल गरेर सफल भएको जनशक्तिलाई केही न केही भए पनि रोजगारी मिलाई स्वदेशमै रोकेर राख्न सक्छु भनेर उनी खुशी भएका हुन सक्छन् । वैदेशिक रोजगारीमा जानेवालाको सङ्ख्या बढ्ने र त्यो सङ्ख्याको जनशक्तिले पठाएको रेमिट्यान्स आफूखुशी मस्त खान पाइन्छ भनेर पनि उनी खुशी भएका हुन सक्छन् । आम नेपाली जनताले नेताहरुले जस्तो लुटेर खान पाएका छैनन् । अनि उनीहरूलाई कसैको दुई पैसो लुटेर खानुपरेको पनि छैन । यो स्वच्छ भावनाले साँच्चै खुशी भएका रहेछन् भने अबका दिनमा जति जनशक्तिले एसईई पास गरेर उच्च शिक्षाको हकमा प्राविधिक शिक्षा आर्जन गर्न सक्छन्, कम्तीमा त्यति थोरै जनशक्तिलाई भने नेपालमै सुहाउँदो रोजगारी प्रदान गरेर विदेश पलायन हुनबाट रोक्ने सफल प्रयास गर्लान् ?

आज नेपाली युवा (शिक्षित जनशक्ति) को विदेश पलायनको अवस्था हेर्दा हाम्रा माविदेखि लिएर उच्च शिक्षा आर्जन गरिने विश्व विद्यालयहरूसमेत बेरोजगार जनशक्ति उत्पादन गर्ने कारखानाको रुपमा विकास भएका हुन् कि जस्तो लाग्न थालेको छ, धेरै जनशक्तिलाई सफल बनाउँदा खुशी हुनुपर्ने अवस्था आउँछ भने त सफलताको प्रमाणपत्र थमाएपछिका दिनमा उक्त जनशक्तिलाई उचित व्यवस्थापन गराउनेसमेत दायित्व सरकारको दायित्व होइन र ? तर विगतका कैयौँ वर्षदेखि एसईईमा उच्च सफलता हासिल गरेका युवा जनशक्तिसमेत स्वदेशमा बसेको खण्डमा निराशाको आगोमा जल्नुपर्ने र स्वदेशमा बस्दा भविष्य डावाडोल हुने मानसिकताले ग्रस्त भएर रहरले होस् कि करले विदेश जानै पर्ने वातावरण नेपाली जनताले मात्र निर्माण गरेको होइन । यो वातावरण विनाकुनै ठोस योजना शासनको बागडोर सम्हालेर अनेक थरीका वितण्डा मच्चाउँदै देशलाई कुशासनको चपेटामा धकेलेर रमाउने शासककै पक्षबाट सिर्जना भएको वातावरण होइन र ? अब अरु सबै कुराले देश सम्पन्नशाली भइसकेको छ, केवल धेरै प्रतिशत विद्यार्थी एसईई परीक्षामा उत्तीर्ण हुन सके भने अरु सबै कुरा हुनेछन् भनेर आशय राखेको प्रमको भनाइ सुनिन्छ । तर नेपाली युवाले अहिलेको परिवेशमा खोजेको भनेको रोजगारीसँगैको शिक्षा पनि हो ।

नेपाल सरकारले हरेक वर्षको बजेटमा युवा रोजगारी लक्षित कार्यक्रम प्रस्तुत गरेको पाइन्छ । अद्यपि सरकारको हरेक वर्ष छुट्याएको बजेट केवल नाममात्रैका काममा कनिका छराइ गरेर सकिन्छ । धेरै रकम त घुमाउरो बाटोबाट भ्रष्टाचार हुन पुग्छ । त्यसैले यो कति पनि कामयावी हुन नसकेको कार्यक्रम हो । एसईई परीक्षामा जति प्रतिशत विद्यार्थी सफल भए पनि हाम्रो शैक्षिक अवस्था सुधारको बाटोमा आउनेवाला छैन । केवल प्रधानमन्त्रीको रहर मात्रले कुनै अर्थ राख्दैन । विगतमा धेरैजना युवा प्रतिभा कसैले हवाईजहाज बनाएर उडान परीक्षणसमेत गराउन सफल भए, विदेशमा बस्ने नेपाली प्रतिभाले पनि धेरै थरीका वैज्ञानिक आविष्कार गरेर नेपालमै उत्पादन गर्ने इच्छा राखे पनि नेपाल सरकारले अनुमति नदिएका कारण त्यसै मुर्झाएर बस्नुपरेको छ । सर्वप्रथम त ती प्रतिभाशाली युवालाई स्वदेशमा बोलाएर तिनीहरूका प्रतिभा फस्टाउने अनि नेपालको हरेक क्षेत्रको उन्नतिका लागि ढोका खोल्ने खालका कार्यक्रम लागू गरुन् न अनि पो एसईई परीक्षामा धेरै प्रतिशत सफलताको सन्दर्भ उठान गर्दा सार्थक होला । देशले खोजेको कुरो भनेको गुणस्तरीय शिक्षा हासिल गरेको जनशक्ति हो । धेरै जनशक्ति तर स्तरबेगरको शिक्षा हासिल गरेको जनशक्ति त खोजेको होइन नि । यदि हरेक विद्यालयका शिक्षकले मनैदेखि लागिपरेर सिकाउन थाल्ने हो भने, सरकारले हरेक शिक्षकलाई उनीहरुले चाहेको जस्तो वातावरण सिर्जना गरि दिन सक्ने हो भने एसईई परीक्षामा हालको भन्दा धेरै माथिको शिक्षाको गुणस्तर भएको जनशक्ति शतप्रतिशत उत्पादन गर्न नसकिने कुरा पक्कै होइन । तथापि सरकार शिक्षकले मागेजति सुविधा दिने पक्षमा कदापि छैन । सरकारको शिक्षाप्रतिको कुनै ठोस योजना छैन । काम चलाउ शिक्षाको भरमा हाम्रा विद्यालय र विश्वविद्यालयहरू घस्रेर चल्दै मात्र छन् । तिनमा पनि सरकारी क्षेत्रका विद्यालय र विश्वविद्यालयहरू राजनीतिक हस्तक्षेपका कारण थला पर्दै गएका छन् । अनि हरेक वर्ष सम्पन्न गरिने एसईई परीक्षाको नतिजा धेरै प्रतिशत सफल आउनुपर्ने, नआए शासकको गाली निरीह शिक्षकले पाउनुपर्ने एउटा दुःखद विडम्बना नभएर अरु के हुन सक्छ त ?

*(साभार: न्यूज अफ नेपाल)*

# बीपी र पुष्पलालको समाजवादी सपना र संकल्प

✍ प्रकाश ज्वाला

साउन ६ र ७ नेपालको इतिहासमा स्मरणीय दिनहरु हुन् । साउन ६ गते बीपी स्मृति दिवस, साउन ७ गते पुष्पलाल स्मृति दिवस । अर्थात्, नेपालको वामपन्थी र लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्वहरुको स्मृति दिवसहरु । यस अवसरमा उहाँहरुका योगदानहरुको स्मरण गरौं, उहाँहरुबाट आजको नयाँ पुस्ताले सिकौं, उहाँहरुप्रति उच्च सम्मानसहित श्रद्धा सुमन अर्पण गरौं । नेपालमा राणा शासन, निरंकुश पञ्चायती व्यवस्था र सामन्ती राजतन्त्रका विरुद्ध आआफ्नो मोर्चाबाट आन्दोलनको नेतृत्व गर्ने विशिष्ठ व्यक्तिहरु बीपी र पुष्पलाल (पीएल) नै हुनुहुन्थ्यो । नेपालमा प्रजातान्त्रिक आन्दोलनलाई उत्कर्षमा पुऱ्याउने अगुवा पनि उहाँहरु नै हो ।

जहानियाँ राणा शासन विरोधी आन्दोलनको गर्भबाट नै काँग्रेस र कम्युनिष्ट पार्टीहरु जन्मिएका थिए भन्दा अन्युक्ति नहोला । काँग्रेस र कम्युनिष्ट पार्टीहरुको संगठित पहलले असंगठित रुपमा उठिरहेको आन्दोलनलाई वैचारिक र राजनीतिक नेतृत्व प्रदान गऱ्यो । परिणाम स्वरुप राणा शासन विरोधी प्रजातान्त्रिक आन्दोलन सफल भयो । देशबाट एक सय चार वर्षे जहानियाँ सामन्ती राणा शासनको अन्त भई २००७ सालमा प्रजातन्त्र स्थापना भयो । यस आन्दोलनमा काँग्रेस र कम्युनिष्ट शक्तिको निर्णायक योगदान छ । जसको अग्रमोर्चामा बीपी र पीएल नै हुनुहुन्थ्यो ।

बीपी र पुष्पलाल दुई फरक वैचारिक धार र सोचको प्रतिनिधित्व गर्नुहुन्थ्यो । वाम लोकतान्त्रिक विचारका प्रेरणादायी प्रतिविम्ब पनि उहाँहरु नै हो । बीपी प्रजातान्त्रिक विचारको अगुवाइ गर्नुहुन्थ्यो भने पुष्पलाल प्रगतिशील विचारको नेता हुनुहुन्थ्यो । विचार र सिद्धान्तमा फरक भंगाला भएपनि राष्ट्रियता, प्रजातन्त्र र समाजवादका सवालमा दुवै जनाको समान धारणा र प्रतिवद्धता थियो । सामन्तवादको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्ने, देशबाट गरिबी, बेरोजगारी अन्त्य गरी समृद्धि र समुन्नति ल्याउने, सामाजिक विकृतिको अन्त्य गरी सामाजिक रुपान्तरणसहितको न्यायपूर्ण समाज स्थापना गर्ने, समाजको शोषण उत्पीडन अन्त्य गरी किसान, मजदुरको मुक्ति ल्याउने लगायत राष्ट्र, राष्ट्रियता, जनता र जनतन्त्रका सवालमा दुवैका समान दृष्टिकोण थिए । त्यसकारण उहाँहरु दुवै जना विचारमा दुई किनाराजस्ता देखिए पनि आम नेपाली जन मनका नेता तथा सर्व स्वीकार्य साझा धरोहर बन्न सफल हुनुभयो । ‘राष्ट्रियता, प्रजातन्त्र र समाजवाद’ बीपी कोइरालाका आदर्श थिए । बीपी वास्तवमा राष्ट्रवादी नेता हुनुहुन्थ्यो । देश रहेमात्र जनता, प्रजातन्त्र, राजनीति र पार्टीको अस्तित्व रहन्छ भन्ने मान्यता राख्ने बीपी जस्तोसुकै कठिन घडीमा पनि राष्ट्रियता र देशभक्तिको पक्षमा बलियो पिलर भएर उभिनु भयो ।

देशमा निरंकुश शासन भएको बेलामा समेत राष्ट्रियताको रक्षाका लागि ‘राजा र मेरो गर्दन जोडिएको छ’ भन्दै ‘राष्ट्रियता मेलमिलाप’को नारा लिएर निर्वासनबाट स्वदेश फर्किनु कम जोखिमको कुरा थिएन । आत्मसर्मपण भनेर त्यतिबेला बीपीको यो कदमको निकै ठूलो आलोचना नभएको होइन । यथार्थमा भन्ने हो भने बीपी र कांग्रेस गणतन्त्रवादीभन्दा बढी राष्ट्रवादी थिए । राजाले कहिल्यै पनि कांग्रेसको राजा र राजतन्त्रप्रतिको सदासयता बुझ्न सकेनन् र कांग्रेस गणतन्त्रवादी बन्न पुग्यो ।

राष्ट्रियता र प्रजातन्त्र बीपी र पुष्पलाल अर्थात कांग्रेस र कम्युनिष्टका साझा मुद्दाहरु नै थिए । त्यसकारण राष्ट्रियता, राष्ट्रिय स्वाधिनता र प्रजातन्त्रका लागि पटक–पटक संयुक्त आन्दोलन हुँदै आएका छन् । ती आन्दोलनहरुले नतिजा पनि दिएका छन् । यी दुई शक्ति मिलेको बेला सामन्ती, निरंकुश शक्ति कमजोर भएका छन्, निरंकुश व्यवस्था र राजतन्त्र ढलेका छन्, राष्ट्रियता, लोकतन्त्र र गणतन्त्र बलियो भएको छ । यो इतिहासको सच्चाइलाई भुल्नु मूर्खता हुनेछ । यसका मूल मार्गदर्शक पुष्पलाल र बीपी नै हुन् भन्ने कुरामा पनि दुई मत छैन ।

‘राष्ट्रियता, जनतन्त्र र जनजीविका’ पुष्पलाल अर्थात कम्युनिष्ट पार्टीका मूल मुद्दा थिए । राष्ट्रिय स्वाधिनता र देशभक्तिको आन्दोलनप्रतिको समर्पणका बारेमा पुष्पलालहरुलाई प्रश्न गर्ने ठाउँ थिएन । जनतन्त्र अर्थात् प्रजातन्त्रप्रति पनि पुष्पलाल र उहाँको पार्टी दृढ थियो र लोकतान्त्रिक आन्दोलनमा होमिएको थियो । जनजीविका अर्थात् जनताको गाँस, बास र कपासको एजेण्डा अर्थात जनताको जीवनसँग जोडिएका विषय त्यतिबेला पुष्पलाल र कम्युनिष्ट पार्टीले सशक्त रुपमा बोकेको थियो । जनजीविकाका लागि ठूला–ठूला जनआन्दोलनहरु पनि भएका थिए । बरु यतिबेला कम्युनिष्ट पार्टीहरुका प्राथमिकतामा जनजीविकाको मुद्दा परेको देखिँदैन ।

बीपी र पुष्पलाल दुवैले समाजवादको झण्डा बोक्नु भयो । तर समाजवादका सवालमा कतिपय विषयहरुमा समान धारणा राखिए पनि उहाँहरुको समाजवादको अन्तर्य फरक थियो । बीपीले अघि सारेको समाजवाद यथार्थमा प्रजातान्त्रिक समाजवाद नै हो । उहाँले उदार अर्थनीतिकै वकालत गर्दै आउनु भयो । उदारीकरण र खुल्ला अर्थनीति पुँजीवादका विशेषता हुन् । प्रजातान्त्रिक समाजवाद भनेको पुँजीवादी समाजवाद हो । जसलाई सुधारिएको पुँजीवाद भन्न सकिन्छ ।

कसैलाई भ्रम नहोस् कि प्रजातान्त्रिक समाजवाद भनेको रुपमा कतिपय समाजवादी विशेषताद्धारा रंगरोगन गरिएको सारमा पुँजीवाद नै हो । बीपी प्रजातान्त्रिक समाजवादका प्रवक्ता नै हुनुहुन्थ्यो । उत्पादन पद्धति, वितरण प्रणाली, सामाजिक न्याय र सुरक्षा, आर्थिक समानता, आत्मनिर्भरता हरेक हिसाबले प्रजातान्त्रिक समाजवाद र वैज्ञानिक समाजवादवीच तुलना हुँदैन । यी दुवै एक सिक्काका दुई पाटा हुन् । प्रजातान्त्रिक समाजवादका प्रवक्ता बीपी र वैज्ञानिक समाजवादका प्रवक्ता पुष्पलाल हुनुहुन्थ्यो ।

पुष्पलाल जनवाद र समाजवादका व्याख्यातामात्र होइन, उहाँ त्यसका अभियन्ता र नेतृत्वकर्ता पनि हुनुहुन्थ्यो । कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्रमा पुष्पलालको उद्घोष थियो ‘सामन्तवाद, राणा शासन र साम्राज्यवादी शोषणको अन्त्य गरौं, जनताको लोकतान्त्रिक गणतन्त्र स्थापना गरौं’ । यो राजनीतिक लक्ष्य पूरा गर्नका लागि पुष्पलालले ‘तीन स’को नीति अघि सार्नु भयो, ‘सिद्धान्त, संगठन र संघर्ष ।’ कम्युनिष्ट पार्टीको लागि सर्वप्रथम सही सिद्धान्त हुनुपर्दछ । मार्क्सवाद, लेनिनवादको मार्गदर्शनमा मात्र कम्युनिष्ट पार्टी निर्माण गर्न र आन्दोलनलाई निश्कर्षमा पुऱ्याउने संभव छ भन्ने कुरामा पुष्पलाल दृढ हुनुहुन्थ्यो । सही र जनपक्षीय सिद्धान्तको आलोकमा गतिलो जनआधारित संगठन निर्माण गर्नुपर्दछ ।

बलियो संगठनको नेतृत्वमा संघर्ष अघि बढाउनुपर्दछ र तब नै त्यो संघर्ष सफल हुन्छ भन्ने पुष्पलालको निश्कर्ष थियो । पुष्पलाल कम्युनिष्ट पार्टीको नेतृत्वको सवालमा पनि प्रष्ट हुनुहुन्थ्यो । ‘कम्युनिष्ट पार्टी नेता प्रधान होइन, नीति प्रधान हुन्छ’ पुष्पलालको यो अजम्बरी भनाइले पनि नीति र नेतृत्वको बारेमा उहाँमा कन्फ्युजन थिएन भन्ने कुरा स्पष्ट हुन्छ । कम्युनिष्ट पार्टीमा विचारले नेतृत्व गर्छ र आवश्यकता अनुसार व्यक्तिलाई जिम्मेवारी दिइन्छ भन्ने पुष्पलालको विचारले आजीवन नेतृत्व नछोड्ने यतिबेलाको प्रवृत्तिलाई गिज्याइरहेको छ । बीपीले समाजवादको व्याख्या गर्दै ‘प्रत्येक नेपालीसँग एउटा घर होस्, ऊसँग जोत्ने जमिन होस्, दूध खाने एउटा गाई होस्’ भन्नुभएको छ । ‘बजेट बनाउने बेला हलो जोतिरहेको किसानलाई सम्झेर बनाउनु पर्दछ’ भन्ने उहाँको दर्शन थियो ।

यसरी बीपीले त्यो जमानामा जनमुखी, किसानमुखी विचार अघि सार्नुभयो । त्यसरी नै पुष्पलालको चेतनाले पौने एक सय वर्ष अगाडि नै राजा, महाराजा र शोष, सामन्तको राज्यसत्ता ढाल्न सकिन्छ र किसान मजदुरको जनसत्ता स्थापना गर्न सकिन्छ भन्ने विश्वास दिलायो । पुष्पलालले त्यतिबेला नै किसान मजदुरको मुक्तिदाता कम्युनिष्ट पार्टी स्थापना गरेर ‘जोत्नेको लागि जमिन’ र ‘जसको जोत उसको पोत’ जस्ता जनपक्षीय नारा अघि सार्नु भएको थियो । बीपी कोइराला दूरदर्शी राजनीतिज्ञ हुनुहुन्थ्यो । बीपीले उहिल्ये नै भन्नुभएको थियो, ‘देशमा प्रजातन्त्र आएपछि मोटाघाटा, सुकिला, मुकिला, चिल्ला गाडी चढ्नेहरुको पार्टीभित्र हावी हुनेछ । त्यसका विरुद्ध आम कार्यकर्ताले फेरी एकचोटी संघर्ष गर्नुपर्ने हुन्छ ।’ प्रजातन्त्र आएपछि कस्ता विकृति आउने छन् र त्यस्ता प्रवृत्तिविरुद्ध फेरी पनि लड्नु पर्ने अवस्था आउने उहाँले भविष्यवाणी गर्नु भएको थियो ।

पुष्पलाल ‘संयुक्त जनआन्दोलन’का सर्जक हुनुहुन्थ्यो । नेपालमा जहानियाँ राणा शासन वा निरंकुश पञ्चायती व्यवस्था र सामन्ती राजतन्त्र ढाल्नका लागि कम्युनिष्ट र कांग्रेस दुवै शक्ति मिल्नैपर्दछ भन्ने मान्यता पुष्पलालको थियो । त्यसैले अनेकौं आलोचनाका बाबजुद उहाँ पहिलेदेखि नै यो मान्यतामा दृढ रहँदै आउनुभयो । आखिर राणा शासन ढाल्न, पञ्चायती व्यवस्था फाल्न र राजतन्त्रको शिरोच्छेदन गर्न वाम लोकतान्त्रिक शक्तिको एकता अपरिहार्य बन्यो । पुष्पलालको संयुक्त जनआन्दोलनको विचार र प्रस्ताव सफल भयो । परिणामस्वरुप देशमा प्रजातन्त्र र लोकतान्त्रिक गणतन्त्र स्थापना भयो ।

बीपी कोइराला लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व, राष्ट्रवादी नेता र साहित्यिक व्यक्तित्व । पुष्पलाल वाम लोकतान्त्रिक आन्दोलनका धरोहर, श्रमजीवि किसान मजदुर वर्गका अविश्रान्त योद्धा तथा कम्युनिष्ट पार्टीका संस्थापक । उहाँहरुका कालजयी विचार र वाणीलाई मूलमन्त्र बनाएर अब नेपाली समाजलाई समाजवादतर्फ अघि बढाउनु अहिलेको प्रमुख कार्यभार हो ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छ्तिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन ९ गते शुक्रबार २५ जुलाई २०२५ । प्रतिपदा, साउन शुक्लपक्ष । गुँल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार–व्यवसाय सामान्य रहनेछ |

# कम्युनिष्ट नेता पुष्पलाल स्मृति बिचार गोष्ठी




साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलाल श्रेष्ठको ४७ औं स्मृति दिवसको सन्दर्भमा हेटौंडामा बिचार गोष्ठी गरिएको छ ।

नेकपा एकीकृत (समाजवादी) मकवानपुरको आयोजनामा बिचार गोष्ठी गरिएको हो । हेटौंडा-४ नम्बर वडास्थित शीतलमहलचोक नेकपा एकीकृत (समाजवादी) जिल्ला कमिटी मकवानपुरको कार्यालयमा बुधबार भएको कार्यक्रममा पार्टीका पोलिट ब्युरो सदस्य घनप्रसाद गौतमको प्रमुख आतिथ्यता रहेको थियो । पार्टीका जिल्ला अध्यक्ष बिष्णु दाहालको सभाध्यक्षतामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका पोलिटब्युरो सदस्य गौतमले जनताले काम गर्ने नेता खोजेको बताए ।

भाषण गर्ने नेता नेपालमा धेरै छन् तर, कामगर्ने नेतालाइ आमजनताले मन पराउँछन् गौतमले भने । भष्टाचार, हत्याहिंसा, घोटाला, बिग्रेको कुराहरु नै समाचारकारुपमा बाहिर आइरहेका छन् ।

हामीले चाहेको नयाँ नेपाल त्यो होइन गौतमले भने । उनले काम गरेर जनताको मन जित्न सकिने बताए । अब २०८४ आउन धेरै समय बाँकी छैन अब सबैले काम गर्न सुरु गर्नुपर्ने बताए ।

यसो गरेमामात्र कम्रेड पुष्पलालप्रति सच्चाश्रद्धान्जली पुग्ने गौतमको भनाइ थियो । कार्यक्रममा पार्टी केन्द्रीय सदस्य राजाराम स्याङ्तान, केन्द्रीय सल्लाहकार समिति सदस्य यादव गजुरेल, बागमती प्रदेश सदस्य माधवप्रसाद तिमल्सिना , कृष्णबहादुर सापकोटा, पार्टीका जिल्ला उपाध्यक्ष ध्रुब भुजेल, सचिव किशोर बर्तौला, नगरअध्यक्ष बिष्णुमाया लामा लगायतको आतिथ्यता रहेको थियो ।

# ‘सिटामोल’ ट्रेलरमा आर्थिक अभावले ल्याउने पारिवारिक विग्रहको कथा

काठमाडौं/जनै पूर्णिमाको अवसर पारेर साउन २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म ‘सिटामोल’को मर्मस्पर्शी ट्रेलर सार्वजनिक गरिएको छ । ३ मिनेट २० सेकेण्ड लम्बाइको ट्रेलरले फिल्मको कथावस्तु, परिवेश, पात्र र परिस्थिति उजागर गरेको छ । आर्थिक अभावका कारण एक दम्पतीको जीवनमा आउने उतार चढाव फिल्मको मूल कथा रहेको देखिन्छ ।



ट्रेलर अनुसार अभिनेता सौगात मल्ल सशस्त्र द्वन्द्वको समयमा अपाङ्ग भएपछि उनले राज्यबाट ५ लाख पाएका हुन्छन् । त्यसैको लोभमा अभिनेत्री बेनिशा हमालले उनीसँग विवाह गर्छिन् । जब बच्चा हुन्छ र पैसा सकिएर ऋण थोपिरिन्छ, त्यसपछि सम्बन्धमा दरार आउँछ । बेनिशा घर नै छाडेर जान्छिन् । यसपछि सौगातको पात्रले गर्ने संघर्षलाई ट्रेलरमा मर्मस्पर्शी ढंगले देखाइएको छ ।

पात्रहरूले यथार्थता समात्न बोलेका गहिरो संवाद र गम्भीर प्रसंगहरूले ट्रेलरलाई प्रभावशाली बनाएको छ । ट्रेलरको अन्तिममा सौगातको ‘भ्वाइस ओभर’मा एउटा फदयस्पर्शी कवितात्मक हरफ सुनिन्छ, ‘मूल सुक्यो पधेँरीमा धाउनै परेन, तिमी आउँदा म हुँदिन आउनै परेन ।’ यसले सौगातको पात्र बेनिशाको पर्खाइमा रहेको बुझाउँछ । समग्रमा ट्रेलर ‘इन्गेजिङ’ बनेको छ ।

राजबहादुर सानेको निर्देशनमा बनेको फिल्ममा सौगात र बेनिशासहित श्री कृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आर आर खड्का, पवन भट्टराई, काजल भुजेल, बाल कलाकारहरु करण नेपाली, आराध्या राज्यलक्ष्मी डिसी लगायतको अभिनय छ । फिल्ममा निर्देशक साने र प्रदीप भारद्वाजको लेखन रहेको छ ।

सिमोस सुनुवार प्रस्तुतकर्ता रहेको फिल्मका निर्माताहरु भुगोल कुमार कार्की र विकासराज जोशी हुन् भने अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता तथा गंगाराम श्रेष्ठ सह-निर्मातामा छन् । फिल्ममा दिव्य सुवेदीको छायांकन, बन्दे प्रसादको सम्पादन, बाबुल गिरीको संगीत तथा देव महर्जन र शंकर महर्जनको द्वन्द्व निर्देशन रहेको छ ।

# ‘एक्लो’को तीन मिनेटको दृश्यका लागि ६ घन्टा छायांकन

काठमाडौं/नेपालको पहिलो साइन्स फिक्सन फिल्म ‘एक्लो : वान’को केही महत्त्वपूर्ण दृश्य मंगलबार काभ्रेपलाञ्चोकको पनौती नगरपालिकामा खिचिएको छ । फिल्मका प्रमुख अभिनेता विजय लामा र अभिनेत्री दीया पुन सहभागी भएको छायांकन करिब ६ घन्टा चलेको थियो । पनौतीमा खिचिएको दृश्य फिल्ममा जम्मा तीन मिनेटको हुने निर्देशक प्रदीप शाहीले बताए ।



छायांकन सेटबाट प्राप्त तस्वीरमा कार र साइकल दुर्घटना भएको दृश्य देखिन्छ । त्यसपछि मानिसहरुको भीडभाड र दीयालाई विजय लामा र एक बाल कलाकारले समाएर हिँडाएको देख्न सकिन्छ । सट बिग्रँदा उक्त दृश्यमा कलाकारहरुले पटकपटक अभिनय गर्नुपरेको थियो । यो दृश्यले फिल्मको कथा अघि बढाउन महत्त्वपूर्ण मोडको प्रतिनिधित्व गर्ने निर्देशक शाहीले बताए ।

आगामी पुष महिनामा प्रदर्शन हुन लागेको ‘एक्लो’मा विजय र दीयासँगै प्रदीप खड्का, बेनिशा हमाल, कविता नेपाली, सुरजसिंह ठकुरी, एवन राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, बेलायती अभिनेता जेमी बेकन लगायतको अभिनय रहेको छ । फिल्मको यतिबेला बेलायतमा पोस्ट-प्रोडक्सन काम भइरहेको छ ।

फिल्मको निर्माताहरूमा राजकुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा, बागवीर पुन, भुवन अधिकारी, संगीता वादी श्रेष्ठ, रितेश राना, सुशील प्रजापति र शशिकला गुरुङ रहेका छन् भने कार्यकारी निर्माता विनोद सुवेदी ‘क्षितिज’ हुन् । गत मेमा भएको विश्वविख्यात कान्स फेस्टिभलमा स्टल नै राखेर ‘एक्लो’को प्रचार गरिएको थियो ।

# ओली नेतृत्वको विकल्प छैन: नेता थपलिया

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता तथा पार्टीका केन्द्रीयसदस्य जगन्नाथ थपलियाले राष्ट्रियताको र क्षार्थ केपी शर्मा ओलीको नेतृत्वको विकल्प नरहेको बताएका छन् ।

काठमाडौंमा सम्पन्न एमालेको दुईदिने केन्द्रीय समिति बैठकमा नेता थपलियाले पार्टीभित्र ऐक्यबद्धता र अनुशासनको आवश्यकता भएको बताए । उनले भने ‘राष्ट्रियताको रक्षाका लागि केपी ओली एकमात्र नेता हुनुहुन्छ, विकल्प खोज्नु भनेको हामी कमजोर हुनु हो ।’ ओली पार्टी र सरकारको नेतृत्वमा आएपछि धेरै महत्वपूर्ण कामहरु भएको उनले दाबी गरे ।

नेता थपलियाले पार्टीको जिल्लास्तरको संगठनलाई समन्वयमा ल्याएर पालिका र प्रदेश सरकारलाई प्रभावकारी कार्यान्वयन निकाय बनाउनु जरुरी रहेको बताएका छन् । उनले पार्टीभित्रको एकता र नेतृत्वप्रति आस्था मजबुत बनाउने दिशामा सबै तहका नेताहरुले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । नेता थपलियाले पछिल्लो समय सामाजिक सञ्जालमार्फत पार्टी र नेताहरुमाथि भइरहेका अनावश्यक प्रहारप्रति गम्भीर चिन्ता व्यक्त गरे ।

‘सामाजिक सञ्जाल अहिलेको आकर्षण हो तर, यसलाई सकारात्मक प्रभाव पार्नेगरी सदुपयोग गर्नुपर्छ ।’ पार्टीका जिम्मेवारीमा बसेर पनि पार्टीविरुद्ध क्रियाकलाप गर्नेहरुलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा नेता थपलियाले स्पष्ट अडान राखे ।

उनले भने ‘पार्टीले गरेका राम्रा कामलाई छायामा पार्न कतिपय व्यक्ति आफ्नै पार्टीभित्रबाट षड्यन्त्र गरिरहेको भन्दै उनले भने ‘यस्तो कार्यलाई सहन सकिन्न, छानबीन गरेर कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ ।’ थपलियाले पार्टीको सुदृढीकरण र अनुशासन कायम राख्न नेतृत्वले कडाइका साथ निर्णय लिनुपर्ने र पार्टीभित्रको विश्वसनीयता र सार्वजनिक छवि सुदृढ गर्न सबैले जिम्मेवार भएर प्रस्तुत हुनुपर्ने बताएका छन् ।

# थाहा नगरपालिका-३ मा स्थानीयको श्रमदानमा सडक मर्मत



साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/थाहा नगरपालिका वडा नम्बर ३ अन्तर्गत पर्ने मर्किनडाँडा-माथिल्लो काफलचौर सडकखण्डमा स्थानीयवासीको सक्रिय सहभागितामा सडक मर्मतकार्य सम्पन्न गरिएको छ ।

सडक सुधारको अभियानमा २० जना स्थानीय उपभोक्ताको सक्रिय श्रमदान रह्यो । सडकसुधारका क्रममा आठ ट्याक्टर ढुङ्गा र आठ ट्याक्टर ग्राभेल हालिएको छ । स्थानीय उत्पादन बजारसम्म सहजरुपमा ल्याउन र यातायातमा सुधार ल्याउने उद्देश्यले ढुङ्गा छाप्ने, नाला बनाउने तथा ग्राभेल हाल्ने कार्य गरिएको हो । यस कार्यका लागि आवश्यक रकम पनि स्थानीयले नै आपसमा उठाएर व्यवस्थापन गरेका हुन् । स्थानीयको स्वस्फूर्त योगदानमा सम्पन्न मर्मतकार्यले दिगो विकासमा समुदायको भूमिकालाई बलियो बनाउने अपेक्षा गरिएको छ ।

# कुलेखानी-सीमखोलामा बेलिब्रिज १५ साउनभित्र सञ्चालन गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ स्थित सीमखोलामा बेलिब्रिज जडानकार्य तीव्रगतिमा अघि बढाइएको छ ।

गत असोज १० देखि १२ गतेको अविरल बाढीले क्षतिग्रस्त भएको पुलको स्थानमा अहिले नयाँ बेलिब्रिज राख्ने काम धमाधम भइरहेको हो । यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका प्रमुख इन्जिनियर नवीनकुमार सिंहका अनुसार साउन १५ भित्र बेलिब्रिज जडानकार्य सम्पन्न गरी सवारीसाधन सञ्चालनमा ल्याउने लक्ष्यसहित काम भइरहेको छ । उनका अनुसार हालसम्म ८० प्रतिशत काम सकिएको छ भने पुललाई आकार दिने गरी जडानकार्य भइरहेको छ ।

सिंहका अनुसार सीमखोलामा हालिनुपर्ने बेलिब्रिज ५७ मिटर लामो भएकाले भैंसे-भीमफेदी सडकखण्डअन्तर्गत घट्टेखोलाबाट १३ मिटर र मान्डुखोलाबाट ५० मिटर लामो गरी दुईवटा बेलिब्रिज झिकेर जडानकार्य भइरहेको छ । बेलिब्रिजसहित पक्की पहुँच मार्ग निर्माण र वरिपरि क्षतिग्रस्त सडक मर्मतका लागि गौरव इन्जिनियर्स प्रालिले एक करोड ७९ लाख रुपैयाँको ठेक्का पाएको हो ।

कम्पनीले गत वैशाखदेखि काम सुरु गरेको र अहिले प्लम्प वाल, मेसिनरी वाल, बेस निर्माण लगायत कार्य सम्पन्न भइसकेको सिंहले जानकारी दिए । गतवर्षको भारीवर्षाका कारण कुलेखानी जलाशय भरिएपछि ‘ओभर फ्लो’ रोक्न खोलिएको गेटका कारण सीमखोलास्थित पुल र सडकमा ठुलो क्षति पुगेको थियो । पुल भत्किएपछि हालसम्म यो सडकखण्डमा खोलाबाट डाइभर्सन गरी सवारीसाधन सञ्चालन हुँदै आएको छ ।

# थाहा नगरमा सामुदायिक वनको सहजीकरण

साझाकुरा संवाददाता


हेटौंडा, ७ साउन/मकवानपुरको थाहा नगरपालिकामा वर्ष २०२३/२४ अन्तर्गत नवीकरण गरिएका सामुदायिक बन कार्ययोजनालाई थप प्रभावकारी बनाउने उद्देश्यले एक दिवसीय सहयोग तथा सहजीकरण भएको छ ।

कार्यक्रमको आयोजना सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, मकवानपुरले गरेको हो । कार्यक्रममा थाहा नगरपालिकामा रहेका १५ वटा सामुदायिक वनका पदाधिकारीको उल्लेखनीय सहभागिता थियो । महासंघका जिल्ला अध्यक्ष साधुराम चौलागाईंको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष बलराम अधिकारी, सचिवालय सदस्य शम्भु न्यौपाने, फेकोफनका कर्मचारी सन्ध्या सिवाकोटी, झम्केश्वरी सब डिभिजनका सागर जोशी, भुपेन्द्र ओली, स्थानीय वन उपभोक्ता महासंघ थाहाका अध्यक्ष गणेशमान श्रेष्ठ, सचिव भवानी प्रधान, थाहा नगरपालिका वन तथा वातावरण समितिका संयोजक हिरेन्द्रकुमार रायमाझी, सामाजिक विकास अधिकृत अनिल लामिछानेलगायतको उपस्थिति थियो ।

कार्यक्रममा नवीकरण भएका कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, संस्थागत समन्वय, वन स्रोतको संरक्षण तथा दीगो उपयोगका विषयमा छलफल गरिएको थियो । सहभागीले वनको दीगो व्यवस्थापनमा सामुदायिक सहभागिता अझ सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरे । सहजीकरण कार्यक्रममा प्रस्तुत गरिएका सुझाव आगामी योजनामा समेटिने आयोजकले जनाएका छन् । कार्यक्रम सामुदायिक वनको स्थायित्व र पारदर्शितातर्फ महत्वपूर्ण कदमको रुपमा लिइएको स्थानीय महासंघका अध्यक्ष गणेशमान श्रेष्ठले जानकारी दिए ।

# अपराधको नयाँ शैली: साइबर अपहरण गरेर फिरौती

काठमाडौं/प्रविधिको प्रयोग गर्दै नयाँ-नयाँ स्वरूपमा अपराधहरू हुन थालेका छन् । पछिल्लो पटक काठमाडौंमा नयाँ शैलीबाट अपहरण भएको पाइएको छ । यसलाई सुरक्षा अधिकारीहरूले नयाँ शैलीको साइबर अपहरणको नाम दिएका छन् । साइबर अपहरण नेपालको हकमा नयाँ शैली भएको प्रहरीको बुझाइ छ ।



प्रविधिको प्रयोग गरी पहिलोपटक काठमाडौंमा साइबर अपहरणको घटना भएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी तथा प्रवक्ता काजीकुमार आचार्यले बताए । थानकोट क्षेत्रमा बस्दै आएका १६ वर्षीय एक किशोर मंगलबार घरबाट बेपत्ता भए । उनी कता गए परिवारले पत्तो पाएन ।

मध्याह्न साढे ११ बजेतिर ती किशोरका आमाको ह्वाट्स एप नम्बरमा ९२३१४३३६५... नम्बरबाट कल आयो । हिन्दीमा कुरा गरेका व्यक्तिले भिडिओ कलमा भने, ‘चारजनाको समूहले एकजना किशोरीलाई बलात्कार गरे । त्यो समूहमा तेरो छोरा पनि छ । उसलाई हामीले नियन्त्रणमा लिएका छौं । ८ लाख रुपैयाँ हाल्नु । नत्र छोराको लाइफ खत्तम हुन्छ ।’

किशोरकी आमा छाँगाबाट खसेझैं भइन् । एकछिन अघि छोराको नम्बरमा फोन गर्दा स्वीच अफ थियो । अहिले छोरा अपहरणमा परेको भन्दै फोन आउँछ । त्यति मात्रै होइन, अपहरणकारीले भिडिओ कलमा चारजना किशोरलाई कुट्दै गरेको पनि देखाउँछन् । बलात्कारमा परेकी भनिएकी किशोरीको अहिले उपचार भइरहेको भन्दै मुखमा अक्सिजन लगाएको जस्तो भिडिओ कलमा देखाउँछन् ।

किशोरका आमाले भने आफूसँग ८ लाख रुपैयाँ नभएको बताउँछिन् । तर अपहरणकारी बताउने व्यक्तिले विश्वास गर्दैनन् । त्यसपछि उनको मोबाइल वालेट खोल्न लगाउँछन् । त्यसको स्क्रिन सेयर गर्न लगाएर सबै विवरण अपहरणकारीले नियाल्छन् । तर, अपहरणमा परेको भनिएका किशोरको आमाको ई-बैंकिङ सेवामा जम्मा ३४ रुपैयाँ मात्रै हुन्छ । त्यसपछि एक लाख भए पनि ठिक पार्नु भन्दै अपहरणकारीले धम्की दिन्छन् । र, फोन राख्छन् ।

किशोरका आमाले आत्तिँदै सोही नम्बरमा फेरि कल गर्छिन् । रोइकराइ गर्छिन् । भिडिओमा छोराको हुलिया पनि देख्छिन । त्यस्तै कपडा पनि देख्छिन् । बच्चा रोइरहेको आवाज पनि सुन्छिन् । उनी विक्षिप्त हुँदै हात जोड्छिन् । अपहरणकारी र किशोरका आमाबीच करिब आधा घण्टासम्म कुरा हुन्छ । तर, केही सिप नलागेपछि उनी प्रहरी वृत्त थानकोट पुग्छिन् । धादिङमा रहेका आफ्ना श्रीमान्लाई घटनाबारे जानकारी गराउँछिन् । घटना सुन्नासाथ स्कुल पढाइरहेका श्रीमान् काठमाडौं हानिन्छन् ।

वृत्त थानकोटमा पुगेर घटनाबारे बिस्तार लगाउने बित्तिकै थानकोटे उनलाई अपराध अनुसन्धान कार्यालय जान सुझाउँछ । त्यसपछि उनी टेकुस्थित अपराध अनुसन्धान कार्यालय पुग्छिन् । अपराध अनुसन्धान कार्यालयको ६ नम्बर पिलरका डीएसपी रोशन खड्काको टोलीले घटनाबारे अनुसन्धान सुरु गर्छ । प्रारम्भिक अनुसन्धानमै ह्वाट्स एप नम्बर पाकिस्तानको रहेको खुल्छ । सीमा नाकामा समेत अलर्ट रहन भन्दै सर्कुलर गरिन्छ ।

अपहरणमा परेको भनिएका किशोरको घरमा पुगेर अपराध अनुसन्धान कार्यालयको टोलीले अनुसन्धान गर्छ । वरपरका सीसी क्यामेराको फुटेज हेर्न सुरु गरिन्छ । परिवारका आफन्तसँग सोधपुछ सुरु हुन्छ । केही दिनअघि मात्रै ती किशोरले पुतलीसडकमा कमेडी दरबारको सुटिङ निःशुल्क हेर्न पाइने कुरा गरेको परिवारले प्रहरीलाई सुनाउँछन् ।

त्यसपछि प्रहरीको एउटा टोली पुतलीसडकस्थित सुटिङ भइरहेको स्टार मलमा पुग्छन् । जहाँ किशोरको खोजी हुन्छ । उनी त्यही भेटिन्छन् । प्रहरी स्वयं छक्क पर्छन् । ती किशोरले पनि प्रहरीसँग आफूलाई किन लगेको भन्दै प्रश्न गर्छन् । टेकुस्थित कार्यालयमा धादिङबाट ती किशोरका बासमेत आइसकेका हुन्छन् । एकछिन अघिसम्म अपहरणमा परेको भनिएका छोरालाई देख्दा बा-आमा खुसी हुन्छन् । यता प्रहरीले यो अपहरणको शैली देखेर नयाँ चुनौती थपिएको अनुसन्धान र विश्लेषण गरिरहेको छ ।

प्रहरी अनुसन्धानका क्रममा ती किशोर बिहान साढे ८ बजेतिर घरबाट निस्केको देखिएको छ । साढे १० बजेतिर उनले मोबाइल फ्लाइट मोडमा राखेको पाइएको छ । त्यसको एक घण्टापछि किशोरका आमालाई अपहरणकारीको फोन आएको देखिएको एसपी आचार्य बताउँछन् । किशोर उनको परिवारको सम्पूर्ण जानकारी लिएर साइबर अपहरण गरिएको देखिएको प्रहरीको भनाइ छ । जसका कारण मोटो र कम असुल्ने योजना रहेकोमा ई-बैंकिङमा रकम नभएकाले जोगिएको प्रहरीले बताएको छ ।

### कसरी लिए अपहरणकारीले किशोरको सबै जानकारी ?

अपहरणकारीले कसरी किशोरको सबै जानकारी लिए भन्नेबारे प्रहरीले निष्कर्ष निकालिसकेको छैन । अहिले पनि यसको अनुसन्धान जारी नै छ । ती किशोरका कुनै निकट व्यक्तिले दिएको सूचनाका आधारमा यो सबै भएको हो कि भन्ने कोणबाट पनि प्रहरीले अनुसन्धान गरिरहेको छ । तर, अहिलेसम्मको अनुसन्धानले भने मोबाइल ह्याक गरेर सबै सूचना लिएको हुनसक्ने एक अनुसन्धान अधिकृतले बताएका छन् । ती किशोरलाई कार्यालय ल्याएर सोधपुछ गर्नुका साथै उनको मोबाइल हिस्ट्री हेर्दा विभिन्न लिंकहरू खोलेको भेटिएको ती अधिकृत बताउँछन् ।

फिसिङका लागि पठाइएका ती लिंक क्लिक गर्दा अपहरणकारीले उनको माबोइल ह्याक गर्न सफल भएको सबै सूचना लिएको हुनसक्ने ती अधिकृतको भनाइ छ । किशोरको मोबाइलबाट परिवारका सदस्यको नम्बरका साथै उनको सामाजिक सञ्जालबाट सबै सूचना लिएको हुनसक्ने प्रहरीको विश्लेषण छ । यी सबै सूचना लिएर ति किशोरलाई निगरानी गरिएको र मोबाइल अफ भएको थाहा पाएपछि साइबर अपहरण गर्दै फिरौती लिन खोजिएको प्रहरीको बुझाइ छ ।

यसका लागि आफैं बैंक अकाउन्टमा रकम हाल्न लगाउने स्क्रिन सेयर गरेर मोबाइल बैंकिङको सबै विवरण हेरेपछि त्यहीबाट र कम अन्य खातामा रकमान्तर गर्ने योजना रहेको प्रहरीको बुझाइ छ । यद्यपि, यसको अनुसन्धान अझै जारी रहेकोले विस्तृत बुझ्न अझै बाँकी रहेको प्रहरीले बताएको छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हेटौंडा-७, न्यूरेनीमा नयाँ ‘लजिस्टिक्स सेन्टर’ उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ लजिस्टिक्स सेवाप्रदायक अग्नि लजिस्टिक्स प्रालिले हेटौंडामा नयाँ ‘लजिस्टिक्स सेन्टर’ सुरु गरेको छ ।

बागमती प्रदेशका प्रमुखसचिव भूपाल बरालको प्रमुख आतिथ्यतामा हेटौंडा-७, न्यूरेनीमा आयोजित एक कार्यक्रमबीच सेन्टरको उद्घाटन गरिएको हो । यो अग्नि लजिस्टिक्सको तेस्रो सेन्टर हो । कम्पनीले महिन्द्रा बोलेरो नियो एसयुभी र महिन्द्रा जियो इभी गाडीहरु सार्वजनिक गरेको छ । कार्यक्रममा प्रमुखअतिथि बरालले निजीक्षेत्र आर्थिक समृद्धिको मुख्य संवाहक भएको बताउँदै सरकारको भूमिका एक नियामक निकायको रुपमा रहने स्पष्ट पारे ।



‘निजीक्षेत्रले जोखिम लिएर लगानी गर्छ, रोजगारी सिर्जना गर्छ र अर्थतन्त्रलाई चलायमान बनाउँछ । त्यसैले सरकारले सहजीकरण र प्रोत्साहनका नीति अवलम्बन गर्नुपर्छ,’ बरालले भने, ‘सरकार नियमनकारी भूमिकामा रहँदै लगानीमैत्री वातावरण बनाउन प्रतिबद्ध रहनुपर्छ ।’ बरालले राष्ट्रिय जीडीपीमा औद्योगिक क्षेत्रको योगदान घट्दो क्रममा रहेको उल्लेख गर्दै आन्तरिक राजस्व परिचालन कमजोर भएकाले लक्ष्यअनुसारको राजस्व संकलन गर्न नसकिएको बताए ।

अग्नि लजिस्टिक्सको हेटौंडासहित काठमाडौं, इटहरी र भैरहवामा गरी देशभर चारवटा सेन्टर रहेका छन् । अत्याधुनिक पूर्वाधारयुक्त हेटौंडा लजिस्टिक्स सेन्टर तथा वेयसहाउस ३३ हजार १ सय ६७ वर्गफिट क्षेत्रफलमा फैलिएको छ । २२ सय घनमिटर भण्डारण क्षमता, एक हजार ५० वटा प्यालेट पोजिसन रहेको छ । यसक्षेत्रको व्यापारिक गतिविधिमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

अग्नि ग्रुपले आफ्नो सेवालाई विस्तार गर्दै ग्राहकलाई थप सुविधा प्रदान गर्ने लक्ष्य राखेको बताएको छ । अग्नि लजिस्टिक प्रालिका अध्यक्ष क्याविनेट श्रेष्ठले विगत ८ वर्षदेखिको अध्ययनपश्चात् लजिस्टिक्स व्यवसाय सञ्चालनमा ल्याइएको बताए । ‘हामीले लामो समयदेखि बजारको अध्ययन गर्‍यौं, सम्भावनाहरु खोज्यौं र त्यसैको आधारमा यो व्यवसाय सुरु गरेका हौं,’ उनले भने । लजिस्टिक्स नेपालको अर्थतन्त्रको लागि मेरुदण्ड हुने उनको दाबी छ ।

‘कुनैपनि देशको आर्थिक विकासको लागि प्रभावकारी लजिस्टिक्स सेवा अपरिहार्य हुन्छ । यसले उत्पादनलाई बजारसम्म पुर्‍याउन, लागत घटाउन र समग्र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्दत गर्छ,’ उनले थपे । नेपालकै केन्द्रभागका रुपमा रहेको औद्योगिक नगरी हेटौंडाका उद्योग व्यवसायलाई लक्षित गरेर लजिस्टिक्स सेन्टर सञ्चालनमा ल्याइएको उनले बताए । ‘हेटौंडा देशकै प्रमुख औद्योगिक क्षेत्र हो र यहाँ धेरै उद्योग सञ्चालनमा छन् । हामीले यहाँका उद्योगलाई गुणस्तरीय र भरपर्दो लजिस्टिक्स सेवा प्रदान गर्ने लक्ष्य राखेका छौं,’ श्रेष्ठले भने ।

प्रत्येक सेवा प्रणालीलाई डिजिटलीकरण गर्दै व्यावसायिक कार्यहरुलाई अझ प्रभावकारी र प्रतिस्पर्धात्मक बनाउने लक्ष्य रहेको उनले बताए । ‘हामी प्रविधिमा आधारित लजिस्टिक्स सेवा प्रदान गर्ने लक्ष्यका साथ अघि बढेका छौं । यसले ग्राहकलाई आफ्नो सामानको ट्र्याकिङ गर्न, लागत व्यवस्थापन गर्न र समग्र दक्षता बढाउन मद्दत गर्नेछ ।’ हेटौंडा लजिस्टिक्स सेन्टर लाई व्यावसायिक ढुवानीका लागि द्रुत, भरपर्दो र सुरक्षित सेवा प्रदान गर्ने उद्देश्यले विकास गरिएको बताइएको छ । अग्नि लजिस्टिक्स प्रालि सन् २०१८ मा स्थापित अग्नि ग्रुप अन्तर्गतको ‘थर्ड पार्टी लजिस्टिक्स (थ्रीपीएल) सेवा प्रदायक हो ।

यसले भण्डारण, ढुवानी, प्याकिङ, लोडिङ, इन्ट्री र डिस्प्याच सेवा सञ्चालन गर्दै आएको छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, मकवानपुरका प्रहरी प्रमुख विश्वराज खड्का, अग्नि ग्रुपका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत अर्जुनप्रसाद शर्मा, महिन्द्रा एण्ड महिन्द्राका नेपाल, भुटान र श्रीलंका क्षेत्रीयप्रबन्धक चेवन कालाकोटेगारा, अग्नि ग्रुपका वरिष्ठ पदाधिकारी, सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।

# मकवानपुरे सुवेदीको कृति ‘बहुरुपी’ मदन पुरस्कार-२०८१ को सूचीमा

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/मदन पुरस्कार गुठीले प्रत्येक वर्ष प्रदान गर्ने ‘मदन पुरस्कार-२०८१’ को छनोट कृतिहरुमा ‘बहुरुपी’ समाबेस भएको छ ।



मकवानपुरका साहित्यकार श्रेयज सुवेदीको पुस्तक ‘बहुरुपी’ कथाकृति मदन पुरस्कार गुठीको शीर्ष ७ मा पर्न सफल भएको हो । यो उनको पहिलो प्रकाशित कथाकृति हो । उनले आफ्नो कथाकृतिमा चालक, अपरम्परा, शैलुनको सिसा, बगर, इन्द्रेणी, छाला नामक ६ खण्डमा विभाजित गरेर १५ वटा कथा लेखेका छन् । उनले आफ्नो कृतिमा मधेशको परिवेशमा कथा बुन्ने प्रयास गरेका छन् । मधेशको सामाजिक, सांस्कृतिक, आर्थिक र मनोवैज्ञानिक आयामलाई सशक्त कथावाचन शैलीमार्फत् जीवन्तरुपले चित्रण गरेका छन् ।

साहित्यकार सुवेदीले आफ्नो पहिलो कथाकृति शीर्ष ७ मा छनोटमा परेकोमा खुशी व्यक्त गरे । यो मेरो उपलब्धि हो । नेपालको साहित्यक्षेत्रमा सबैभन्दा प्रतिष्ठित ‘मदन पुरस्कार’ को श्रेष्ठ सूचिमा ‘बहुरुपी’ पर्न सफल भएको छ । जित्नुको बेग्लै आनन्द होला । आफ्ना लागि पुरस्कार यही रहेको उनले बताए । मदन पुरस्कार गुठीले वर्षभरि प्रकाशित भएका साहित्यिक कृतिहरुबाट छनोट गरेर एक कृतिलाई ‘मदन पुरस्कार’ दिने गर्दछ । मदन पुरस्कार गुठीले मंगलवार प्रेस विज्ञप्ती जारी गर्दै गुठीलाई कूल २ सय ९९ पुस्तक प्राप्त भएका त्यसमध्येबाट शीर्ष ७ कृति छनोट गरिएको जनाएको हो ।

जसमध्ये साहित्यकारहरु छुदेन काविमोको कृति उरमाल, रमेश भुषालको कृति छालबाटो: कैलाशदेखि गङ्गासम्म, कुमारी लामाको कृति दर्ज्यु संलाप, मनप्रसाद सुब्बाको कृति पञ्चतत्वको पालाम, श्रेयज सुवेदीको कृति बहुरुपी, सुधीर शर्माको कृति भिक्षु, व्यापार र विद्रोह (नेपालको भोट-चीन सम्बन्ध र भारत) र तीर्थ गुरुङको कृति हिउँको गीत शीर्ष ७ मा परेको जनाएको छ । गठीले छनोट भएको शीर्ष ७ कृतिहरुबाट एक कृति छनोट गरी मदन पुरस्कार-२०८१ बाट सम्मान गर्ने जनाएको छ ।

वि.सं. २०१२ सालमा स्थापित मदन पुरस्कार गुठीले वि.सं. २०१३ मा पहिलोपटक गद्य, सामाजिक शास्त्र र विज्ञान विधामा तीन कृति–‘हाम्रो लोकसंस्कृति’ (सत्यमोहन जोशी), ‘जनरल भीमसेन थापा र तत्कालीन नेपाल’ (चित्तरञ्जन नेपाली) तथा ‘अधिकविभव स्थिरविद्युत् उत्पादक’ (बलराम जोशी) लाई पुरस्कृत गर्दै पुरस्कार वितरण आरम्भ गरेको थियो । मदन पुरस्कार गुठीले २०७२ देखि गुठीमा प्राप्त पुस्तकमध्येबाट बढीमा १० वटा पुस्तक छनोट गरी सूची सार्वजनिक गर्ने गरेको छ । २०७५ सालबाट पुरस्कार राशी चार लाख रुपैयाँ पुर्‍याइएको छ ।

# किसानको धानबालीको बीमा गर्दै मनहरी गाउँपालिका

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ मकवानपुरको मनहरी गाउँपालिकाले किसानको बालीबीमा गर्न सुरुवात गरेको छ । बुधबार मनहरी-७ बाट बालीबीमा कार्यक्रम सुरु गरिएको हो ।



मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामीमगरलगायतको उपस्थितिमा बुधबार महनरी-७ का सेतेलाल जिम्बाको १९ कठ्ठा खेतमा लगाइएको धानबालीको बीमा गरी कार्यक्रम सुरु गरिएको हो । अहिले धानबालीको सिजन भएकाले धानबालीको बीमा सुरु गरिएको र सिजनअनुसारका सबै अन्नबाली र तरकारी बालीको बीमा गरिने गाउँपालिका अध्यक्ष कालाखेतीले बताए ।

अन्नबालीमा कीरा तथा अन्य रोगको प्रकोपलगायत कारण अन्नउत्पादन नहुने भएकोले किसान मर्कामा परिरहेका थिए । अन्नउत्पादन नभएका कारण किसानलाई हुने हानीनोक्सानीको क्षतिपूर्ति भराउने उद्देश्यले गाउँपालिकाले चालु आर्थिक वर्षबाट बालीबीमा सुरु गरेको कालाखेतीले जानकारी दिए । बालीबीमाका लागि गाउँपालिकाले शिखर ईन्स्योरेन्स कम्पनी लिमिटेडसँग सम्झौता गरी बालीबीमा थालनी गरिएको हो । धानबाली बीमा गर्न इच्छुक किसानलाई निवेदन दिन गाउँपालिकाले एकसाताअघि सूचना जारी गरेको थियो ।

सबै वडा कार्यालयमार्फत् बालीबीमा गरिने गाउँपालिकाले जनाएको छ । बालीबीमा गर्दा कुलबीमांक रकमको ८० प्रतिशत रकम गाउँपालिकामार्फत् संघीय सरकारले अनुदान दिने व्यवस्था छ भने २० प्रतिशत रकम किसान आफैँले बेहोर्नुपर्ने प्राबधान छ । बालीबीमाको २० प्रतिशत बीमांक रकम तिर्न नसक्ने विपन्न किसानको बीमा शुल्क भुक्तानी गाउँपालिकाले गरिदिने गरी बजेट छुट्याइएको अध्यक्ष कालाखेतीले बताए ।

बालीबीमा सुरु भएसँगै अब अन्नबालीमा रोगकीराको प्रकोप साथै वन्यजन्तुबाट गर्ने क्षतिबापत किसानले क्षतिपूर्ति पाउने भएकाले किसानले राहत अनुभूति गर्ने गाउँपालिका उपाध्यक्ष पुलामीले विश्वास व्यक्त गरिन् । आगामी दिनमा अन्य अन्नबाली र तरकारी बीमाको कार्यक्रमलाई पनि अघि बढाइने उनले बताइन् । यो निर्जीवन बीमाअन्तर्गत पर्दछ । नेपालमा २०६९ साल माघ १ गतेदेखि औपचारिकरुपमा बालीबीमा सुरु भएको हो ।

## मानवअधिकार आयोगद्वारा....

आयोगको रणनीतिक योजना २०२१-२६ ले सरोकारवालासँग समन्वय र सहकार्यलाई महत्वपूर्ण स्थान दिएअनुरुप बागमती प्रदेश कार्यालयले पनि समयसमयमा यसक्षेत्रका संघसंस्था, मानवअधिकारकर्मी, पत्रकार, नागरिक समाज, पेशागत संघसंगठन, संघसंस्था तथा तीनै तहका सरकारसँग मानवअधिकारको अवस्थाको बारेमा छलफल अन्तर्क्रिया गरी मानवअधिकारको संरक्षण तथा संस्कृत्तिको विकासको लागि कार्य गर्दै आएको भट्टले बताए ।

स्थानीय सरकारले मानव अधिकारमुखी विकास पद्दतिलाई केन्द्रविन्दुमा राख्नुपर्ने कुरामा जोड दिदै आयोगले सिन्धुलीको ६ वटा स्थानीय तहमा मानवअधिकारसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको उनको भनाई छ । सवारी दुर्घटना, बाढीपहिरो जस्ता प्रकोपबाट वर्षेनी नागरिकले ज्यान गुमाउनु परेको छ । द्वन्द्वकालीन घटनाको हालसम्म पनि सम्बोधन हुन सकेको छैन । लैङ्गिक तथा यौनिक अल्पसंख्यक, मनोसामाजिक अपाङ्गता भएका व्यक्ति गाउँसमाज र सरकारले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तनको खाँचो छ ।

उनीहरुको एकिन तथ्यांकको समेत अभाव छ । आप्रवासीको अधिकारको कुरा गर्दा बिदेश पठाइदिने निहुँमा ठगिएका, विदेश गएर तलव नपाएका, स्वस्थ्य मान्छे बिमारी भएर रित्तो हात घरफर्किएका तमाम घटना यस प्रदेशमा छन् । ‘उपभोक्ताअधिकारको अवस्था कहालिलाग्दो छ’ उनले भने । नागरिकले स्वच्छ तथा गुणस्तरीय वस्तुको उपभोग गर्न नपाएको भट्टले बताए । बागमती प्रदेशको सार्वजनिक स्थल, यातायातका साधन अपाङ्गमैत्री नहुँदा अपाङ्गता भएका व्यक्तिको अधिकार प्रत्याभूत भएको छैन ।

‘घरपरिवार तथा विद्यालयमा बालबालिकामाथि हिंसाका घटना भइरहेका छन्, बालश्रममुक्त वडा, बालश्रममुक्त थानीय तह घोषणाले निरन्तरता पाएपनि बालश्रम, बालविवाह गाउँसमाजमा कायमै छ’ भट्टले भने । यसैगरी बालबालिका यौनजन्यहिंसाका शिकार भइरहेको उनले बताए । ‘जातीय छुवाछुत तथा विभेदका घटना ग्रामीणभेगमामात्र नभइ सहरी क्षेत्रमा पनि भईरहेका छन्’ भट्टले भने ।

# लेखा समिति गुहार्दै हेटौंडा सिमेन्टका कर्मचारी

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ थप्प अवस्थामा रहेको हेटौंडा सिमेन्ट उद्योग पुन:सञ्चालनको माग गर्दै उद्योगका कर्मचारीले संघीय संसद्को लेखासमिति अध्यक्ष ऋषिकेश पोखरेललाई भेटेका छन् ।





सबै ट्रेड युनियनको संयुक्त पहलमा समितिलाई बुझाइएको ज्ञापनपत्रमा सरकारी स्वामित्वको यो उद्योगलाई पुन: पूर्णक्षमतामा सञ्चालनमा ल्याउन आग्रह गरिएको छ । कर्मचारीले उद्योग बन्द हुँदा रोजगार गुमाउनु परेको र राज्यको ठूलो लगानी खेर गइरहेको भन्दै तत्काल उचित कदम चाल्न माग गरेका छन् । ज्ञापनपत्र बुझाउने क्रममा कर्मचारीले लामो समयदेखि उद्योग बन्द हुँदा आफूहरु मानसिक, आर्थिक र सामाजिक समस्यामा परेको गुनासो गरेका थिए ।

उनीहरुले सार्वजनिक उद्योगलाई संरक्षण गर्नु सरकारको दायित्व भएको भन्दै हेटौंडा सिमेन्ट उद्योगलाई आवश्यक स्रोत साधन जुटाएर पुन:सञ्चालन गरिनुपर्ने आवश्यकता औंल्याएका छन् ।

उद्योग सञ्चालनमा नआउँदा राज्यलाई आउने राजस्व गुमेको र राष्ट्रिय उत्पादन क्षमतामा असर परेको तर्क प्रस्तुत गरिएको छ । लेखासमिति अध्यक्ष पोखरेलले ज्ञापनपत्र प्राप्त गरेपछि समितिको तर्फबाट आवश्यक अध्ययन, छलफल र समन्वय हुने प्रतिबद्धता जनाए । पछिल्लो समय सरकारले विभिन्न सरकारी उद्योग निजीकरण गर्न खोजिरहेकोप्रति कर्मचारीहरु असन्तुष्ट देखिएका छन् ।

सार्वजनिक सम्पत्ति संरक्षण गर्नुको सट्टा निजीक्षेत्रलाई हस्तान्तरण गर्ने प्रवृत्तिले दीर्घकालमा राष्ट्रको औद्योगिक भविष्य कमजोर हुने चिन्ता उनीहरुले व्यक्त गरेका छन् ।




**डेंगीबाट बचौं र बचाऔं ।**

**लक्षण:**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता विबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

**लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:**

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं

“डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो ।”

नेपाल सरकार
विज्ञापन बोर्ड

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना